केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन :५७१९६४४/५/७
एक्स्टेन्सन : १३४५,१३४७
E-mail : psdept@nrb.org.np
Web : www.nrb.org.np

# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभाग

**पत्र संख्याः भु.प्र.वि/नीति/परिपत्र/०२/०८२/८३** **मिति : २०८२/१२/०३**

**भुक्तानीसम्बन्धी कार्य गर्न अनुमतिपत्रप्राप्त संस्थाहरु ।**

**विषय : भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८१ को अ. प्रा. निर्देशन नं १/०८१ को बुँदा नं १ को (२) मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरुलाई जारी गरिएको भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८१ को अ. प्रा. निर्देशन नं १/०८१ को बुँदा नं १ को (२) मा संलग्नबमोजिम संशोधन गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन भुक्तानी तथा फस्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

**भवदीय,**

**(डा.सत्येन्द्र तिमिल्सिना)**
**कार्यकारी निर्देशक**

**बोधार्थः**

(१) श्री गभर्नरको कार्यालय ।
(२) श्री डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
(४) नेपाल सरकार, सडक बोर्ड नेपाल ।
(५) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग ।
(९) श्री वित्तीय जानकारी इकाई, काठमाडौं ।
(१०) श्री नेपाल बैंकर्स संघ, काठमाडौं ।
(११) श्री नेपाल डेभलपमेन्ट बैंकर्स एसोसिएसन, काठमाडौं ।
(१२) श्री नेपाल वित्तीय संस्था संघ, काठमाडौं ।
(१३) श्री भुक्तानी सेवा प्रदायक संघ नेपाल, काठमाडौं ।

**यस बैंकबाट भुक्तानीसम्बन्धी कार्य गर्ने अनुमतिपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८१ मा संशोधन ।**

| क्र.सं. | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
| --- | --- | --- | --- |
| १. | अ.प्रा. निर्देशन नं. १/०८१ को बुँदा नं. १ को (२) मा (ख) थप गरिएको ।<br><br>(बुँदा थप गरी क्रमसंख्या मिलान गरिएको ।) | (२) यस बैंकबाट अनुमतिपत्रप्राप्त संस्थाले विद्युतीय भुक्तानी कार्ड (Physical र Virtual) जारी गर्दा देहायबमोजिम गर्न पाउनेछन् :<br><br>(क) अनुमतिपत्रप्राप्त "क" तथा राष्ट्रियस्तरका "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाले क्रेडिट कार्ड, डेबिट कार्ड, प्रिपेड कार्ड लगायतका विद्युतीय भुक्तानी कार्ड जारी गर्न सक्नेछन् ।<br><br>(ख) अनुमतिपत्रप्राप्त राष्ट्रियस्तर बाहेकका "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्था र राष्ट्रियस्तरका "घ" वर्गका संस्थाले क्रेडिट कार्ड बाहेकका विद्युतीय भुक्तानी कार्ड मात्र जारी गर्न सक्नेछन् ।<br><br>(ग) बैंक तथा वित्तीय संस्था बाहेकका भुक्तानी सेवा प्रदायक (PSP) को अनुमतिपत्रप्राप्त संस्थाले स्वदेशभित्र सञ्चालन हुने गरी स्वदेशी मुद्रामा प्रिपेड कार्ड मात्र जारी गर्न सक्नेछन् ।<br><br>(घ) प्राकृतिक व्यक्तिको एउटा खाताबाट एकै प्रकृति (डेविट/क्रेडिट/प्रिपेड) को एक भन्दा बढी कार्ड जारी गर्न पाइने छैन । तर, Domestic Card Scheme अन्तर्गतका कार्डहरु जारी गर्दा यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।<br><br>(ङ) अनुमतिपत्रप्राप्त संस्थाले ग्राहकलाई उपलब्ध गराउने विभिन्न Card Schemes का बारेमा ग्राहकलाई जानकारी गराई Card Scheme छनौट गर्ने सुविधा ग्राहकलाई नै दिनुपर्ने छ । | (२) यस बैंकबाट अनुमतिपत्रप्राप्त संस्थाले विद्युतीय भुक्तानी कार्ड (Physical र Virtual) जारी गर्दा देहायबमोजिम गर्न पाउनेछन् :<br><br>(क) अनुमतिपत्रप्राप्त "क" तथा राष्ट्रियस्तरका "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाले क्रेडिट कार्ड, डेबिट कार्ड, प्रिपेड कार्ड लगायतका विद्युतीय भुक्तानी कार्ड जारी गर्न सक्नेछन् ।<br><br>**(ख) अनुमतिपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकले नेपाल सरकारले तोकेका सडक तथा सडक खण्डहरुमा चल्ने सवारी साधनहरुबाट सडक उपभोग दस्तुर (Toll Fee) संकलन गर्ने प्रयोजनका लागि RFID Chip Based Prepaid Tag/Card जारी गर्न सक्नेछन् ।**<br><br>(ग) अनुमतिपत्रप्राप्त राष्ट्रियस्तर बाहेकका "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्था र राष्ट्रियस्तरका "घ" वर्गका संस्थाले क्रेडिट कार्ड बाहेकका विद्युतीय भुक्तानी कार्ड मात्र जारी गर्न सक्नेछन् ।<br><br>(घ) बैंक तथा वित्तीय संस्था बाहेकका भुक्तानी सेवा प्रदायक (PSP) को अनुमतिपत्रप्राप्त संस्थाले स्वदेशभित्र सञ्चालन हुने गरी स्वदेशी मुद्रामा प्रिपेड कार्ड मात्र जारी गर्न सक्नेछन् ।<br><br>(ङ) प्राकृतिक व्यक्तिको एउटा खाताबाट एकै प्रकृति (डेविट/क्रेडिट/प्रिपेड) को एक भन्दा बढी कार्ड जारी गर्न पाइने छैन । तर, Domestic Card Scheme अन्तर्गतका कार्डहरु जारी गर्दा यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।<br><br>(च) अनुमतिपत्रप्राप्त संस्थाले ग्राहकलाई उपलब्ध गराउने विभिन्न Card Schemes का बारेमा ग्राहकलाई जानकारी गराई Card Scheme छनौट गर्ने सुविधा ग्राहकलाई नै दिनुपर्ने छ । |